
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २० गते बुधबार ❑ 4 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रधानमन्त्री दाहालद्वारा सचिवहरुलाई तीस बुँदे निर्देशन: 'सुशासन, सेवाप्रवाहमा कुनै सम्झौता हुँदैन'

**रासस**
**काठमाडौं, १९ पुस**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रालयका सचिवहरुलाई जनसरोकार र सार्वजनिक सेवालाई चुस्तदुरुस्त बनाउनेलगायत विभिन्न विषयमा ३० बुँदे निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा मंगलबार मन्त्रालयका सचिवहरुलाई प्रधानमन्त्री दाहालले सुशासन, सेवाप्रवाह तथा जनजीविकासँग जोडिएका विषयमा निर्देशन दिनुभएको हो । यसअघि सोमबार सबै मन्त्रालय तथा मंगलबार राष्ट्रपति तथा उपराष्ट्रपति कार्यालय एवं विभिन्न संवैधानिक आयोग र निकायका सचिवहरुले प्रगति विवरण, समस्या तथा चुनौती प्रस्तुत गर्नुभएको थियो । सचिवहरुबाट कार्यप्रगति प्रस्तुतिपछि निर्देशनात्मक सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले निजामती प्रशासन र सरकारी संयन्त्रबाट विगतको कार्यकाल झैँ यसपटक पनि पूर्ण सहयोग पाउने बताउनुभयो । उहाँले ठूला नीतिगत र दीर्घकालीन विषयभन्दा पनि नागरिकका दैनिक आवश्यकताका सार्वजनिक सेवा प्रवाहका विषय तथा विकास निर्माण र आयोजना सञ्चालनका विषयमा सम्बोधन केन्द्रित गर्नुभयो । प्रधानमन्त्री दाहालले मुख्यरुपमा आम जनताले सेवा प्रवाहमा भोग्नुपरेको सास्तीका विषयमा चासो राख्दै ती विषय तत्काल सम्बोधन हुनुपर्नेमा जोड दिनुभयो। सङ्घीयताको अभ्याससँगै घरदैलोमा नै सेवा पुग्ने जनअपेक्षा पूरा हुन नसकेको बताउँदै उहाँले जनताले आश गरेअनुरुप विगत पाँच वर्षमा कार्यसम्पादन सन्तोषजनक नभएको उल्लेख गर्नुभयो । "अहिले तपाई हामी यो बैठक गरिरहँदा राहदानी लिन बिहान २ बजेदेखि लाइनमा



बसेको समाचार प्रकाशित भएको छ। राष्ट्रिय परिचयपत्र लिने सास्ती उत्तिकै छ । त्यो परिचयपत्र किन आवश्यक भएको हो भन्ने प्रश्नको चित्तबुझ्दो उत्तर हामीसँग छैन", उहाँले भन्नुभयो, "अहिलेकै गतिमा राष्ट्रिय परिचयपत्रको काम हुने हो भने तीन करोड नेपालीको हातमा परिचयपत्र पुग्न दशकौँ लाग्छ । सवारी चालक अनुमति पत्र लिन पनि वर्षौं कुर्नुपर्ने अवस्था छ । यसतर्फ तत्काल ध्यान दिनुहोस ।" सम्बोधनका क्रममा प्रधानमन्त्री दाहालले शिक्षा, स्वास्थ्य, यातायात जस्ता आधारभूत सेवा, राहदानी, सवारी चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वितरण तथा मालपोत कर दस्तुर बुझाउने जस्ता सेवा लिन नागरिकले बेहोरेका सास्ती हटाउने काम तत्काल प्राथमिकतामा राख्न निर्देशन दिनुभयो। "सरकार गठनको एक महिनाभित्र राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी लाइसेन्स, शिक्षा मन्त्रालयबाट प्रदान गरिने नो अब्जेक्सन सर्टिफिकेट, सरकारी अस्पतालमा बिरामीको उपचार, मालपोत, नापी, कर दस्तुर बुझाउने ठाउँमा सेवाग्राहीले अहिले जस्तै लाइनमा बस्ने सास्ती देखियो भने निर्ममतापूर्वक जिम्मेवार पदाधिकारीलाई कारबाही गर्नुपर्ने अवस्था आउनेछ", उहाँले भन्नुभयो । राजस्व सङ्कलनमा उल्लेख्य प्रगति हुन नसकेकोतर्फ आफ्नो ध्यानाकर्षण भएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले सेवा प्रवाहमा प्रश्न उठेको बताउनुभयो।

मासिकरुपमा कर बुझाउन जाँदा पनि अनेक झण्झट र लामो लाइन बस्नुपर्ने अवस्थाले हाम्रो सेवा प्रवाहकोस्तर जनाउने बताउँदै उहाँले आर्थिक वर्षको आधाआधी भइसक्दा विकास खर्च जम्मा ११ प्रतिशत मात्र भएकामा प्रश्न उठाउनुभयो।

"विकास खर्च हुन नसक्नाका कारण के हुन ? को जिम्मेवार हो ? यसको कारण खोजी गरी निराकरण अब पनि नगरे कहिले गर्ने ? नीतिगत तहमा समस्या भए तथ्यमा आधारित सुधारका प्रस्ताव ल्याउनुहोस । तर कार्यान्वयनमा देखिएका कमजोरी अब कसैलाई पन्छ्याएर उम्किन मिल्दैन", उहाँले भन्नुभयो । एकातर्फ लक्ष्यअनुसार राजस्व नउठ्ने, पुँजीगत खर्च नहुने, अर्कोतर्फ भएको खर्च पनि बेरुजु पर्ने र फछ्र्यौट नहुने भनेको वित्तीय प्रशासनको पूरा चक्र नै समस्याग्रस्त रहँदै यो विषयमा संवेदनशील हुन प्रधानमन्त्रीले निर्देशन दिनुभयो । ठूला आयोजनामा विनियोजन भएको बजेट र हालसम्मको खर्च तथा भौतिक प्रगति र विकास आयोजनामा गति तीव्र गर्ने उपायको खोजी गर्न उहाँले राष्ट्रिय योजना आयोगलाई निर्देशन दिनुभयो । विकास आयोजनामा विनियोजन गरेको रकम खर्च गर्न नसकेमा अन्यत्र खर्च गर्नसक्ने काममा सारिने र जिम्मेवारी लिने तर लक्ष्यअनुसार राजस्व असूली र विकासका काम गर्न नसक्ने पदाधिकारीको कामलाई कार्यसम्पादन मूल्याङ्कनसँग जोडिने उहाँको भनाइ थियो । प्रधानमन्त्री दाहालले सार्वजनिक शिक्षाको गुणस्तर उकास्न पर्याप्त प्रयास नभएको र शिक्षा क्षेत्रमा जनशक्तिको अभावको विषयसमेत सम्बोधनका क्रममा राख्नुभयो । यसैगरी जनशक्ति व्यवस्थापन प्रभाकारी र चुस्त हुन नसक्दा कतिपय स्थानीय तहमा कर्मचारी दरबन्दी रिक्त हुने र केही निकायमा अनावश्यक कर्मचारी रहने अवस्था रहेको भन्दै उहाँले त्यसलाई तत्काल सम्बोधन गर्न प्रधानमन्त्री दाहालले जोड दिनुभयो । उहाँले भन्नुभयो, "प्रदेश तथा स्थानीय तहमा तत्काल कर्मचारी व्यवस्थाको लागि सङ्घीय सरकारी निकायका अनावश्यक दरबन्दी कटौती गरी प्रदेश र स्थानीय तहमा जनशक्ति आपूर्ति गर्ने व्यवस्था सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिलाउनुहोस् । सङ्घीय निजामती ऐन आगामी संसद्मा पेस गर्ने गरी तयारी गर्नुहोस।" सार्वजनिक सेवा प्रवाह जहिले पनि समस्याग्रस्त हुने कुरा उल्लेख गर्दै उहाँले समस्याको मूल जरो पत्ता लगाउन निर्देशन दिनुभयो । "समस्या कार्यान्वयनमा हो वा प्रक्रियामा हो पहिल्याउनैपर्छ अथवा समस्या प्रवृत्तिमा हो वा व्यवस्थापनमा हो हामीले खुट्याउनैपर्छ", उहाँले भन्नुभयो, "सेवा प्रवाहलाई सहज बनाउन र विकासको गतिलाई तीव्र बनाउन नयाँ कानुन बनाउने वा कार्यकारी आदेश वा कानुन संशोधन के गर्नुपर्ने हो अथवा प्रक्रियामा सुधार हो वा प्रवृत्तिमा तथ्यहरूमा टेकेर सुधारका लागि तत्काल काम थाल्नुपर्‍यो।"

सार्वजनिक यातायात व्यवस्थित हुन नसक्दा नागरिकले मृत्यु र दुर्घटना व्यहोर्नुपरेको विषयलाई समेत


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## सरकारी र सार्वजनिक शैक्षिक गुठीबीचको भेदभाव हटाउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

प्रादेशिक र पालिकास्तरीय शिक्षा ऐनमा छुट्टै पहिचानसहित संस्थागत विद्यालयको वर्गीकरणबाट अलग गर्न शिक्षकले माग गरेका छन् । सार्वजनिक शैक्षिक गुठी विद्यालय सङ्घ नेपालद्वारा आज पोखरामा आयोजित प्रादेशिक भेलामा सहभागी गुठीअन्तर्गतका शिक्षकले उक्त माग गरेका हुन् ।

पोखरा विश्व विद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले सरकारले सार्वजनिक शैक्षिक संस्था र गुठीअन्तर्गतका शैक्षिक संस्थालाई विभेद गर्न नहुने बताउनुभयो । "गुठी संस्थानअन्तर्गत शैक्षिक संस्थाले विद्यार्थीबाट केही मात्रामा शुल्क उठाएर तलब खाने गरेका छन्, त्यो सरकारी विद्यालयका शिक्षकले पाउने तलबभन्दा न्यून छ", उहाँले भन्नुभयो । सार्वजनिक शैक्षिक गुठी विद्यालय सङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष जेएस पौडेलले संस्थाले सरकारलाई पेश गरेको शिक्षाको ढाँचा प्रस्तुत गर्नुभएको थियो । गुठीबाट सञ्चालित अधिकांश विद्यालयले प्रदान गर्ने शिक्षा गुणस्तरीय भएको उहाँको भनाइ थियो । सङ्घका अध्यक्ष रुपक राजवंशीले गुठीअन्तर्गतका विद्यालयलाई शिक्षा मन्त्रालयले वास्ता नगरेको प्रति गुनासो गर्नुभयो । सरकारले दुवै विद्यालयलाई हेर्ने दृष्टिकोण फरक हुन नहुने राजवंशी बताउनुहुन्छ । "गुठीअन्तर्गत शिक्षक अवकाश हुँदा रित्तो हात फर्कनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो।

## सम्मानजनक शक्ति बाँडफाँट भए सरकारमा सहभागी हुने

**रासस**
**काठमाडौं, १९ पुस**

जनता समाजवादी पार्टी (जसपा) नेपालले सम्मानजनक शक्ति बाँडफाँट भए सरकारमा सहभागी हुने निर्णय गरेको छ।

जसपाको मंगलबार यहाँ सम्पन्न राजनीतिक समितिको बैठकले सम्मानजनक प्रतिनिधित्व भए सरकारमा सहभागी हुने र नभए बाहिरबाट समर्थन गर्ने निर्णय गरेको हो । जसपाका प्रवक्ता मनिस सुमनका अनुसार सरकारको नीति तथा कार्यक्रम एवं शक्ति बाँडफाँटको आधारमा सहभागी हुने अन्यथा सरकारलाई बाहिरबाट समर्थन गर्ने निर्णय भएको छ । बैठकले विभिन्न दल तथा सङ्गठनसँग एकता तथा गठबन्धनसम्बन्धी वार्ताका लागि पार्टीका कार्यकारिणी समिति सदस्य राजेन्द्र श्रेष्ठको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ । समितिमा रकम चेम्जोङ र गोविन्द चौधरी सदस्य रहनुभएको छ। त्यसैगरी बैठकले निर्वाचनमा अन्तर्घात गर्ने सङ्घीय परिषद् र केन्द्रीय सदस्यबारे छानबिन गर्न शिवलाल थापाको नेतृत्वमा पाँच सदस्यीय समिति पनि गठन गरेको छ । निर्वाचनमा पार्टीका उम्मेदवारविरुद्ध उम्मेदवारी दिनेलाई भने सम्बन्धित समितिले विधानअनुसार कारबाही गर्ने राजनीतिक समितिले निर्णय गरेको छ । यस्तै विधान अधिवेशनका लागि विधानको मस्यौदा बनाउन अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा ११ सदस्यीय विधान मस्यौदा समितिसमेत गठन गरेको छ।

## प्रधानमन्त्री दाहाल र ओलीबीच भेटवार्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ पुस**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार साँझ भएको भेटवार्तामा समसामयिक राजनीतिक विषयमा विचारविमर्श भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। भेटमा सरकारको प्रभावकारिता, न्यूनतम साझा नीति कार्यक्रमलगायत विषयमा उहाँहरूबीच छलफल भएको थियो। गत बिहीबार बसेको सत्ता साझेदार दलको बैठकले सरकारको न्यूनतम साझा कार्यक्रम तयार गर्न अध्यक्ष ओलीको संयोजकत्वमा कार्यदल बनाएको थियो । प्रधानमन्त्री दाहालले यही पुस २६ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिँदै हुनुहुन्छ। उहाँ विभिन्न राजनीतिक दलसहित एक सय ६९ सांसदको समर्थनमा यही पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो।






## कास्की कारागारमा समस्यै समस्या

**रासस**
**पोखरा, १९ पुस**

केही दिनअघि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल कास्की कारागारको निरीक्षणमा पुग्दा निमित्त कारागार प्रशासक महेन्द्रबहादुर कुँवरले कारागारले झेलिरहेका समस्याको फेहरिस्त सुनाउनुभयो।

क्षमताभन्दा बढी कैदीबन्दी त कारागारको आम समस्या नै भइहाल्यो । त्योबाहेक जस्ताको छानोमुनिबाट प्रशासन धान्नुपरेकोदेखि खानेपानी अभावसम्मको अवस्थालाई कुँवरले मुख्यमन्त्री पोखरेलसमक्ष राख्नुभयो। विसं २०२२ मा स्थापित उक्त कारागारमा चार सय २० जनाको क्षमता रहेकामा सोमबारसम्मको आँकडामा सात सय ९७ कैदीबन्दी छन् । जुन झण्डै दोब्बरले बढी हो । कैदीबन्दीको सङ्ख्याअनुसार भौतिक पूर्वाधार र स्रोतसाधन नहुँदा कारागारमा व्यवस्थापकीय चुनौती थपिँदो छ। कारागारको प्रशासनिक भवन छैन । जस्ताका छानामुनि स-साना कोठामा विषयगत शाखा र तिनमा कार्यरत कर्मचारी छरिएर रहनुपर्ने स्थिति छ। कारागार जस्तो संवेदनशील क्षेत्रको सुरक्षा प्रबन्धका लागि बनाइएका सुरक्षा पोष्ट जीर्ण छन् । बाहिरी पर्खालको उचाइ कम हुँदा सुरक्षा चुनौती छ।

प्रहरी नायब निरीक्षकको नेतृत्वमा ३२ जना प्रहरी कार्यरत रहेकामा उक्त सङ्ख्या अपुग रहेको जनाइएको छ । दरबन्दी थपेर सुरक्षा जनशक्ति बढाउनुपर्ने कारागार प्रशासनको माग छ। सुरक्षा पोस्टमा तैनाथीदेखि दैनिक अदालत, अस्पताल, कैदीबन्दीको स्थानान्तरण आदि कार्यमा खट्न प्रहरी सङ्ख्या अपुग रहेको हो। सुरक्षाकर्मीका लागि आवास, शौचालय, खानेपानी धारालगायत अन्य भौतिक पूर्वाधारको समेत अभाव छ । सुरक्षाकर्मी कम भएकै कारण १० बजे अदालत हाजिर गराउनुपर्ने कैदीबन्दीलाई ढिलो गरी लैजानुपर्ने बाध्यता कारागार प्रशासनलाई छ । निमित्त कारागार प्रशासक कुँवरले कैदीबन्दीले पाउने दैनिक सीधा रकम पनि महँगीको तुलनामा कम रहेको बताउनुभयो । कैदीबन्दीले दैनिक सिदाबापत प्रतिव्यक्ति रु ६० र सात सय ग्राम मन्सुली चामल पाउँछन् । कैदीबन्दीको स्वास्थ्य उपचारका लागि पनि कम बजेट आउने गरेको कुँवरले उल्लेख गर्नुभयो । चालु आवमा रु. १६ लाख बजेट उपचारका लागि छ । कारागारमा ६८ जना दीर्घरोगी छन्। कैदीबन्दीले मुढा, झोला, भाङ्ग्रालगायत सामग्री बुन्ने गरेका छन्।

कारागारमा खानेपानी, सौर्यबत्ती, सेफ्टी ट्याङ्कीलगायत दैनिक उपभोगसँग जोडिएका सेवा र वस्तुको पनि अभाव छ। निमित्त कारागार प्रशासक कुँवरले कैदीबन्दीको मागअनुसार दैनिक सीधा रकम र चामलको परिणाम बढाउनुपर्ने बताउनुभयो। कैदीबन्दीले उत्पादन गरेका हस्तकलाका सामग्रीको बजारीकरणका लागि व्यवस्थित पसल सञ्चालन गर्नुपर्ने आवश्यकता छ। कैदीबन्दीको न्यूनतम जीवनस्तर र मानवअधिकारको प्रत्याभूतिका लागि राज्यले सोही अनुसार पूर्वाधार र सेवासुविधाको प्रबन्ध गर्नुपर्ने कुँवरले बताउनुभयो । "प्रशासनिक भवनका लागि चालु आवमा सङ्घ सरकारबाट रु ५० लाख आए पनि बजेट कम भएका कारण निर्माण कार्य अघि बढ्न सकेको छैन", उहाँले भन्नुभयो, "प्रदेश सरकारले दिएको रु २० लाख बजेट कारागारको मर्मतसुधारमा मात्र खर्च गर्न मिल्छ।" प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले कास्कीको मात्र नभएर देशैभरका कारागार जीर्ण र स्रोतसाधनको अभावबाट गुज्रेको बताउनुभयो।

प्रदेश राजधानीमा अवस्थित कारागारको स्थिति बुझेपछि मुख्यमन्त्री पोखरेलले पहिलेको तुलनामा कारागार सुधार हुँदै आए पनि पूर्ण नरहेको प्रतिक्रया दिनुभएको थियो । मुख्यमनत्री पाखेरेलले विसं २०३५ र २०३६ मा सोही कारागारमा राजनीतिक बन्दीका रुपमा केही समय बिताउनुभएको थियो । मुलुकको प्रधानमन्त्री, मन्त्री भइसकेका अधिकांश नेता जीवनको कुनै न कुनै समयमा जेल बसेको भन्दै उहाँले त्यहाँबाट निस्केपछि भने जेलको अवस्था बिर्सने गरेको बताउनुभयो।

# आहा रारा पोखरा गोल्ड कपमा सर्वाधिक सफलता हासिल गरेको मनाङ अमेरीकाको टोलीसँग पराजित

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

आहा ! रारा पोखरा गोल्डकपमा सर्वाधिक सफलता हासिल गरेको मनाङ मर्स्याङ्दी क्लब अमेरीकाको बिवाईएससी क्लवसंग स्तब्ध भएको छ।

पोखरामा जारी २२ औ संस्करणको उक्त प्रतियोगिता अर्न्तगत मंगलबार भएको अन्तिम क्वाटरफाईनलको खेलमा पाहुना टोली भुटनिज युथ स्पोर्टस क्लब अमेरिका संग १-० ले गोल अन्तरले पराजित हुदै मनाङ पहिलो खेलबाटै पराजित भएको हो।



विवाईएससीको जितमा प्रविन बस्नेतले निर्णायक एक गोल गरे। दोस्रो पटक सहभागी भएको अमेरिकाको टोलीसंग ६ पटकको विजेता तथा ५ पटकको उपविजेता भएको मनाङ पराजित भएको हो। अमेरिकी टोली यस अघि २०७८ सालमा भएको संस्करणमा विभागीय टोली एपीएफसँग क्वार्टरफाइनलमा ३-१ ले पराजित भएको थियो। जित सगै अमेरिकाले फाईनल प्रवेशका लागि २१ गते हुने सेमिफाईनल खेलमा चर्च ब्वाईज युनाइटेडसंग प्रतिष्प्रर्धा गर्ने भएको छ। अमेरिकाको जितमा खेलको १८ औ मिनेटमा प्रविन बस्नेतले गरेको गोल निर्णायक बन्यो। हेक्टरले पछाडी ब्याक फालेको बललाई उपयोग गदै बस्नेतले डिबक्स भित्रबाट ड्रिवलिङ भएको वललाई प्रहार गरेको बलले जाली चुमेको थियो।

मनाङले पाएका केही अवसरहरु सदुपयोग गर्न नसक्दा मनाङ यसपाली पनि उपाधि जित्ने सपना अधुरै रह्यो। मनाङका सुमित श्रेष्ठ, निराजन मल्लले प्रहार गरेको वल सदुपयोग हुन सकेन। सहारा क्लबको आयोजना तथा हिमश्री फुड्स प्रालिको उत्पादन आहा रारा चाउचाउको मुख्य प्रायोजनमा जारी प्रतियोगितामा अर्न्तगत बुधबार पहिलो सेमिफाईनलको खेलमा विभागीय टोली सशस्त्र प्रहरीको नेपाल एपिएफ क्लब र संकटा क्लब बिच प्रतिष्प्रर्धा हुने भएको छ।

दर्शकहरुले भने यसपाली मनाङलाई भन्दा अमेरीकाको टोलीलाई समर्थ र हुटिङ गरेका थिए।

# एघारौं पोखरा महोत्सवमा घोडसवार गराइने

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

एघारौं पोखरा महोत्सवमा अवलोकनका लागि आउने दर्शकहरुलाई घोडसवार गराइने भएको छ।

युनाईटेड क्लबको आयोजनामा आगामी पुषको २७ देखी माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा हुने एघारौं संस्करणको पोखरा महोत्सवमा अवलोकनका लागि आउने दर्शकहरुलाई घोडसवार गराइने भएको हो। घोडसवारको माध्यामबाट महोत्सवको अवलोकन संगै अमरसिंह नजिक रहेको पर्यटकीय गन्तब्यहरुमा पुग्न सकिने महोत्सव आयोजक संस्था युनाईटेड क्लवका संस्थापक अध्यक्ष हिमालय बख्रेलले जानकारी दिए। बख्रेलका अनुसार हरेक महोत्सवहरुमा नया पन दिदै आइरहेको र एघारौं संस्करणको महोत्सवमा पनि घोडसवार संगै अन्य मनोरञ्जनका गतिविधी समेत रहने वताए। बख्रेलका अनुसार पोखरा महोत्सवको आयोजना गरी क्लवले मुख्य उद्देश्यका साथ अगाडि वढाएको खुल्ला चिडियाखाना (पोखरा जुलोजिकल पार्क) पोखराको पचभैयामा निर्माणाधिन अवस्थामा रहेको छ। एघारौ पोखरा महोत्सव स्थल अमरसिंह चौरबाट महोत्सव अवधिभर चिडियाखाना अवलोकनको समेत ब्यवस्था मिलाइने बख्रेलले जानकारी दिए।



महोत्सवको तयारी अन्तिम चरणमा पुगिसेको र महोत्सवमा स्थानिय उत्पादनको प्रदर्शनी एवं बिक्री, होमस्टेको प्रवर्द्धन, कृषि, हस्तकलाका सामाग्रीको प्रवर्द्धन एवं बिक्री संगै गण्डकी प्रदेशको कला संस्कृति झल्कने प्रस्तुतीहरु समेत रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# छोरेपाटन माविको ४४ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको छोरेपाटन माध्यमिक विद्यालयको ४४ औं वार्षिकोत्सव तथा अभिभावक दिवस आईतबार विविध साँस्कृतिक कार्यक्रम सहित विद्यालय प्राङ्गणमा सम्पन्न भयो।

वार्षिकोत्सव समारोहको विद्यालय व्यवस्थापन समितिका पूर्व सचिव द्रोणराज अधिकारीले कार्यक्रमको उद्घाटन गरेका थिए। सो अवसरमा राष्ट्रिय परीक्षा वोर्ड गण्डकी प्रदेश कार्यलयका प्रमुख लक्ष्मण देवकोटा, पोखरा १७ का निवर्तमान वडा अध्यक्ष तिर्थराज अधिकारी, गुप्तेश्वर वेदविज्ञान पाठशालाका प्राचार्य विजयराज आचार्य, पूर्व शिक्षक शंकर ज्ञवाली, अभिभावकहरुको तर्फबाट विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष श्रीराम सुवेदी, संघसंस्थाहरुको तर्फबाट छोरेपाटन टोल सुधार समितिका अध्यक्ष उत्तम सिग्देल, विद्यार्थीहरुको तर्फबाट विवेक पौडेल र रेश्मा खातुनले आफ्नो धारणा राखेका थिए।



विद्यालयका प्रधानाध्याक डिल्लीराम शर्माले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै वि.सं. २०२१ सालमा तिब्बती बालबालिकाको लागि तासिलिङ स्कुल स्थापना गरिएको र वि.सं. २०३१ सालमा नेपाली समाजले जिम्मा पाए पस्चात छोरेपाटन मावि भएको वताएका थिए। २०३७ सालमा माध्यमिक तह र २०५५ सालमा मानविकी, शिक्षा र व्यवस्थापन समूहको कक्षा ११ संचालनको अनुमती प्राप्त भएको थियो भने २०६५ सालदेखि कक्षा ११ मा विज्ञान विषय पढाई हुँदै आई रहेको वताए। प्रधानाध्यापक शर्माले दुई हजार एक सय भन्दा वढी विद्यार्थी भएको विद्यालयमा ९३ जना शिक्षक र २० जना स्थानिय श्रोत कर्मचारी कार्यरत रहेको वताउँदै सरकारी अनुदान प्राप्त शिक्षक दरबन्दी ३० जना र स्थानिय श्रोत शिक्षक दरबन्दी ६३ जना रहेको वताए। उक्त अवसरमा शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरुलाई सिल्ड, प्रमाणपत्र तथा पुरस्कार प्रदान गरिएको थियो। साथै २५ वर्ष भन्दा वढि विद्यालयमा सेवारत मनोजकुमार भट्टराई र लिला प्रसाद पराजुलीलाई दिर्घसेवा सम्मान, नियमित उपस्थित हुने शिक्षकहरु लेखनाथ बराल, रोहित प्रसाद बराल, भीमबहादुर थापा, फणिन्द्र वाग्ले, कल्पना भट्टराई र ऋषिराम भण्डारी, अतिरिक्त क्रियाकलापमा योगदान गर्ने शिक्षकहरु रोशनप्रसाद श्रेष्ठ, एकनारायण भण्डारी, लिलानाथ आर्चाय, भगवती कार्की, युवराज सुबेदी, विष्णु कुमारी राई, खेमकुमारी बराल र ऋषिराम सिग्देललाई सम्मान गरिएको थियो। त्यसैगरी राम्रो शैक्षिक वातावरण वनाउन योगदान गर्ने शिक्षकहरु लिलाप्रसाद पराजुली, माधव भट्टराई, नारायण थापा, लक्ष्मण पौडेल, जीवन पौडेल, प्रभा सापकोटा र गायत्री पौडेल, आफ्नो विषयमा सत्प्रतिशत विद्यार्थी उत्तिर्ण गराउन सफल शिक्षकहरु रेखा थापा, गिरिधारी पोखेल, मनुराज आचार्य, राम प्रसाद सुबेदी, माधव पहारी, प्रेमराज गौतम, सागर बराल, रोहित प्रसाद बराल, पुकार भण्डारी र विजय सुबेदी र प्रशासनिक काममा उत्कृष्ट सहयोग गर्ने कर्मचारीहरु दिपक सुबेदी, अनिश पहारी र सुरेन्द्र सापकोटालाई प्रमाणपत्रद्धारा सम्मान गरिएको थियो। विद्यार्थीहरुले विद्यालय प्राङ्गणमा विभिन्न विज्ञान तथा प्रविधिको प्रदर्शनी गर्नुका साथै नृत्य, नाटक लगायतका साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। यस वर्ष विद्यालयमा उषा शर्मा आचार्य, सन्ध्या आचार्य, गणेश आचार्य र रंगीला आचार्यद्धारा तिलक मिना स्मृति पुरस्कार, प्रथम प्रधानाध्यापक क्षेत्रबहादुर कुँवरद्धारा डम्बरसिंह सेतु स्मृति पुरस्कार र पुर्व विद्यार्थी विष्णु गिरीद्वारा आमाछोरा पुरस्कारको स्थापना गरेका छन्।

पुरस्कारको लागि आचार्य परिवारले ३ लाख, क्षेत्रबहादुर कुँवरद्धारा १ लाख र विष्णु गिरीद्धारा ५० हजार राशीको अक्षयकोष स्थापना गरेका हुन। विद्यालयमा हालसम्म २७ अक्षयकोष स्थापना गरिएको छ। अक्षयकोषको वार्षिक व्याजबाट गरिव तथा जेहेन्दार छात्रछात्राले छात्रवृत्तिमा अध्ययन गरिरहेका विव्यस अध्यक्ष झपिन्द्रराज रेग्मीले वताए। सोही अवसरमा मनोजकुमार भट्टराई संयोजक रहेको सम्पादक मण्डलद्धारा सम्पादित विद्यालयको वार्षिक मुखपत्र ज्योत्स्ना अंक २ लोकार्पण गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष झपिन्द्रराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा सहायक प्रधानाध्यापक खेमराज वरालले स्वागत, संचालन सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले र शिक्षक अभिभावक संघका अध्यक्ष रविलाल शर्माले धन्यवाद ज्ञापन गरेका थिए। विद्यालयको वार्षिकोत्सवको पुर्वसन्ध्यामा जुनियर युवा रेडक्रस सर्कलले आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा २३ युनिट रगत संकलन भएको सर्कलका सभापति अन्वेषण सुवेदी र शिक्षक नायक युवराज सुवेदीले वताए।

# ठेलो प्रतियोगितामा निरज गुरुङ प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

पोखरामा सोमबार भएको खुल्ला ठेलो प्रतियोगितामा निरज गुरुङ प्रथम भएका छन्। मदन भण्डारी स्पोर्टस एकेडेमी गण्डकी प्रदेशको १४ औं स्थापना दिवशको अवसरमा सोमबार पोखरा रंगशालामा आयोजना गरेको उक्त प्रतियोगितामा गुरुङले १५.१९ मिटर ठेलो फाल्दै प्रथम भएका हुन्।

१४.९४ मिटर ठेलो फालेका किरण बिक दोश्रो भएभने १४.२० मिटर ठेलो फालेका रोहित सुनार तेश्रो भएका छन्। प्रतियोगितामाविजेताले ३५ हजार, उपविजेतालाई २५ हजार र तेश्रो हुनेलाई १५ हजार प्रदान गरिएको थियो। एकेडेमीले पत्रकारिता क्षेत्रमा योगदान पुराएको भन्दै अग्रज पत्रकार नारायण कार्की, एथ्लेटिक्स, फुटवल खेलमा योगदान पुराएका रुद्रनाथ पौडेल र कला संस्कृतिको क्षेत्रमा योगदान पुराएको भन्दै एकेडेमीले बुद्धिप्रसाद गुरुङ्ग (गौरी) लाई सम्मान गरेको छ। कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रदेश सभाका सदस्य एवं पुर्व स्वास्थ्य मन्त्री खगराज अधिकारीले सम्मानित हुने व्यक्तिहरुलाई दोसल्ला ओढाई सम्मानपत्रको साथमा फुल मालाले सम्मान गरेका हुन्। पोखरा पर्यटनको मात्र नभई खेलकुदको समेत राजधानिको सम्भावना भएकोले यहाँ हुने खेलगतिविधिले पर्यटन प्रबर्द्धनमा समेत टेवा पुग्ने सांसद अधिकारीको भनाई छ। नेपाली मौलिक खेलहरु नेपालका राष्ट्रिय खेल भएको दाबी गर्दै उनले यस्ता खेलको प्रबर्द्धन गर्न आवश्यक भएकोमा जोड दिए।



एकेडेमीका गण्डकी संयोजक तथा कार्यक्रम संयोजक राजेश गुरुङ्गले खेलकुदको विकास गर्ने उद्धेश्यले उक्त कार्यक्रम गरिएको बताए। विगतका बर्ष देखि एकेडेमीमाले विभिन्न कार्यक्रम गर्दै आएको उनले जनाए।

प्रदेश खेलकुद परिषदका का.वा. सदस्य सचिव घनश्याम पौडेलले एकेडेमीले खेलकुद सहित सम्मान कार्यक्रम गर्नु प्रशंसनिय कार्य भएको बताए। एकेडेमीले फागु पुर्णिमा पर्वको अवसरमा पनि विभिन्न कार्यक्रम आयोजन गर्दै आएको एकेडेमीका सचिव कृष्ण तिमिल्सिनाले बताए।

## प्रधानमन्त्री...

प्रधानमन्त्री दाहालले सम्बोधनका क्रममा उल्लेख गर्नुभयो। धेरै सर्वसाधारणले प्रयोग गर्ने गरेका सार्वजनिक यातायातबाट प्राप्त हुने सेवा स्तरीय नभएको, निम्न वर्ग नै बढी मारमा परेकाले तत्काल नियमन गर्न उहाँले निर्देशन दिनुभयो। यसैगरी गृह प्रशासनलाई निर्देशन दिँदै प्रधानमन्त्री दाहालले अपराधसँग सम्बन्धित उजुरी तत्काल फछ्र्यौट गर्नसमेत निर्देशन दिनुभयो। मिटरब्याजीका हजारौँ उजुरी थन्किएको समाचार तर्फ इङ्गित गर्दै उहाँले मिटर ब्याजका नाममा आपराधिक लाभ लिने क्रम नरोकिएकाले अबको तीन महिनाभित्र सवारी दुर्घटना घटेको, अपराधसँग सम्बन्धित मुद्दा फछ्र्योटको र मिटर ब्याजीको मुद्दा नतिजा देखिने गरी सम्बोधन भए नभएको आधारमा सम्बद्ध मन्त्रालयको कार्यसम्पादन मूल्याङ्कन हुने बताउनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# प्रधानमन्त्रीको निर्देशन

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारको काम प्रभावकारी बनाउन सचिवहरूलाई ३० बुँदे निर्देशन दिएका छन।तेस्रोपटक प्रधानमन्त्री बनेका प्रचण्डलाई जनताले सरकार भएको अनुभूति गर्ने गरि सुधार ल्याउन चाहेका छन।जनताले दैनिक जीवनमा भोग्नु परेका समस्या हल भएको र सेवा प्रवाह सरल भएको चाहेका छन । चुनावपछिको सरकारले संसदमा कस्ता कार्यक्रम ल्याउँछ भन्ने जनचासो छ।अहिले नीतिगत र दीर्घकालीन विषयहरू भन्दा पनि नागरिकका दैनिक आवश्यकताका सार्वजनिक सेवा प्रवाहका विषयहरू, विकास निर्माण र आयोजना सञ्चालनका विषयमा प्रधानमन्त्रीले मुख्यरुपमा सुधार चाहेका छन। आम जनताले सेवा प्रवाहमा भोग्नुपरेको सास्तीका विषयमा चासो राख्नु जनभावना अनुरूप चल्न खोज्नु हो ।

संघीयताको अभ्याससँगै घरदैलोमा नै सेवा पुग्न नसकेको ,जनताले आस गरे अनुरूप विगत ५ वर्षको कार्यसम्पादन सन्तोषजनक भएको छैन। राहदानी लिन बिहान दुई बजेदेखि लाइनमा बस्नुपर्ने, । राष्ट्रिय परिचय पत्र लिने सास्ती छ अहिलेकै गतिमा राष्ट्रिय परिचयपत्रको काम हुने हो भने तीन करोड नेपालीको हातमा परिचयपत्र पुग्न दशकौँ लाग्छ । सवारी चालक अनुमति पत्र लिन पनि वर्षौँ कुर्नुपर्ने अवस्था छ । यसतर्फ तत्काल ध्यान दिनुपर्‍यो भन्ने प्रधानमन्त्रीको निर्देशन पहिलो प्राथमिकता हो । शिक्षा, स्वास्थ्य, यातायात जस्ता आधारभूत सेवा, राहदानी, सवारी चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वितरण तथा मालपोत कर दस्तुर बुझाउने जस्ता सेवा लिन नागरिकले बेहोरेका सास्ती हटाउने काम तत्काल प्राथमिकतामा राख्नु जनतामाझ गरेका वाचा हुन ।

राजस्व सङ्कलनमा उल्लेख्य प्रगति हुन नसकेको सेवा प्रवाहमा प्रश्न उठेको मासिकरुपमा कर बुझाउन जाँदा पनि अनेक झन्झट र लामो लाइन बस्नुपर्ने अवस्थाले हाम्रो सेवा प्रवाहको स्तर जनाउँछ । आर्थिक वर्षको आधाआधी भइसक्दा विकास खर्च जम्मा ११ प्रतिशत मात्र भएकोमा प्रश्न प्रधानमन्त्रीले उठाउनु पर्ने होइन ।यो त स्थायी सरकारको काम हो । विडम्बना स्थायी सरकार केही नगरे पनि चलेकै छ । विकास खर्च हुन नसक्नाका कारण के हुन् ? को जिम्मेवार हो ? यसको कारण खोजी गरी निराकरण अब पनि नगरे कहिले गर्ने ? नीतिगत तहमा समस्या भए तथ्यमा आधारित सुधारका प्रस्ताव ल्याउन प्रधानमन्त्रीको आग्रह छ । तर कार्यान्वयनमा देखिएका कमजोरी अब कसैलाई पन्छ्याएर उम्किन मिल्दैन । भन्ने चेतावनी पनि छ ।

विकास आयोजनामा विनियोजन भएको बजेट र हालसम्मको खर्च तथा भौतिक प्रगति र विकास आयोजनामा गति तीव्र गर्ने उपायहरूको खोजी गर्न प्रधानमन्त्रीले राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएका छन । विकास आयोजनामा विनियोजन गरेको रकम खर्च गर्न नसकेमा अन्यत्र खर्च गर्नसक्ने कामहरूमा सारिने र जिम्मेवारी लिने तर लक्ष्यअनुसार राजस्व असुली र विकासका काम गर्न नसक्ने पदाधिकारीहरूको कामलाई कार्यसम्पादन मूल्याङ्कनसँग जोडिने भएको छ । सार्वजनिक शिक्षाको गुणस्तर उकास्न पर्याप्त प्रयास नभएको र शिक्षा क्षेत्रमा जनशक्तिको अभावको जनशक्ति व्यवस्थापन प्रभावकारी र चुस्त हुन नसक्दा कतिपय स्थानीय तहमा कर्मचारी दरबन्दी रिक्त हुने र केही निकायमा अनावश्यक कर्मचारी रहने अवस्था रहेकोतर्फ समेत प्रधानमन्त्रीले ध्यानाकर्षण सामयिक छ ।

प्रदेश तथा स्थानीय तहमा तत्काल कर्मचारी व्यवस्थाका लागि सङ्घीय सरकारी निकायका अनावश्यक दरबन्दी कटौती गरी प्रदेश र स्थानीय तहमा जनशक्ति आपूर्ति गर्ने व्यवस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिलाउन। संघीय निजामती ऐन आगामी संसदमा पेस गर्नेगरी तयारी गर्न निर्देशन अहिलेको ज्वलन्त खाँचो हो । सार्वजनिक सेवा प्रवाह जहिले पनि समस्याग्रस्त हुने तर समस्याको मूल जरो पत्ता लगाउन नचाहने प्रबृत्ति छाँसमस्या कार्यान्वयनमा हो वा प्रक्रियामा हो पहिल्याउनै पर्छ अथवा समस्या प्रवृत्तिमा हो वा व्यवस्थापनमा हो हामीले खुट्ट्याउनपर्छ । सेवा प्रवाहलाई सहज बनाउन र विकासको गतिलाई तीव्र बनाउन नयाँ कानुन बनाउने वा कार्यकारी आदेश वा कानुन संशोधन के गर्नुपर्ने हो अथवा प्रक्रियामा सुधार हो वा प्रवृत्तिमा तथ्यहरूमा टेकेर सुधारका लागि तत्काल काम थाल्न निर्देशन दिनु भएको छायी निर्देशन कार्यान्वयन भए केही सुधार आउनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# डेरी व्यवसायीद्वारा दूधको मूल्यवृद्धि फिर्ता

रासस
काठमाडौं, १९ पुस

दूधको मूल्य समायोजन बारे अध्ययन गरेर नयाँ मूल्य तोक्ने सहमतिपछि डेरी व्यवसायीले बढाइएको दूधको मूल्य मंगलबारदेखि फिर्ता लिएका छन् ।

डेरी उद्योगीले पुस १६ गतेदेखि दूधको मूल्य प्रतिलिटर रु १६ सम्म बढाएका थिए । लगत्तै पुस १७ गते दुग्ध विकास बोर्डले मूल्यवृद्धि स्थगन गर्न व्यवसायीलाई निर्देशन दिएको थियो तर व्यवसायी मूल्यवृद्धि फिर्ता नहुने बताउँदै आएका थिए । आज कृषि तथा पशुपन्छी मन्त्रालयमा पशु सेवा विभाग, राष्ट्रिय दुग्ध विकास बोर्ड र डेरी व्यवसायीबीच छलफल भएकोमा मूल्य समायोजनका लागि तत्काल अध्ययन गरिने र अहिले भएको मूल्यवृद्धि फिर्ता गर्ने सम्झौता भएको हो ।

"पुस १६ गतेदेखि लागू गरिएको दूधको मूल्य तत्काल स्थगन गर्ने सहमति भएअनुरुप किसानको बढ्दो उत्पादन, मुद्रास्फीति, इन्धन, प्याकेजिङ, कर्मचारीको ज्याला, ब्याजदरमा भएको वृद्धिसमेतलाई विचार गरी जति सक्दो छिटो दूधको मूल्य समायोजन गर्न विज्ञ टोली गठन गरी नयाँ दरभाउ कायम हुने विश्वासका साथ केही समयका लागि वृद्धि गरिएको दूधको मूल्य तत्कालका लागि स्थगन गरिएको छ ।" डेरी उद्योग सङ्घले मङ्गलबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ । आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ मा दूधलाई आवश्यक खाद्य पदार्थमा उल्लेख गरेको छ तर केही उद्योगले गत शनिबारदेखि लागू हुने गरी दूधको मूल्य आफूखुसी प्रतिलिटर रु १४ सम्म बढाएका थिए । किसानबाट खरिद गर्दा महँगो परेका कारण बजार बिक्री मूल्य पनि महँगो भएको उनीहरुको भनाइ छ । केही सीमित डेरी उद्योगीले मात्रै आफूखुसी मूल्य बढाएपछि नेपाल डेरी एसोसिएसन, केन्द्रीय दुग्ध सहकारी सङ्घ, किसानका छाता संस्था र उपभोक्ता अधिकारकर्मीले त्यसको विरोध गरेका थिए । दूधमा अहिले भएको मूल्यवृद्धि विद्यमान कानुनी व्यवस्थाभन्दा विपरीत छ । राष्ट्रिय दुग्ध विकास नीति २०७८ मा 'वार्षिक मूल्यवृद्धि एवं उत्पादन लागतका आधारमा दूधको मूल्यलाई हरेक दुई वर्षमा दुग्ध विकास बोर्डको अध्ययन प्रतिवेदनका आधारमा पुनरावलोकन गर्ने व्यवस्था गरिनेछ ।', भनी उल्लेख छ । त्यस्तै, राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा ६ (ख) मा 'दुग्ध विकास बोर्डले दूधको मूल्य निर्धारण गर्ने नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने' उल्लेख छ । यसरी विद्यमान कानुनी व्यवस्थाले दूधको मूल्य हरेक दुई वर्षमा परिमार्जन गरिनुपर्ने व्यवस्था रहेपछि व्यवसायीले भने ११ महिनामै मूल्य बढाएका हुन् । यसअघि बोर्डको सिफारिसमा सरकारले २०७८ माघमा दूधको मूल्य तोकेको थियो तर, एक वर्ष नपुग्दै व्यवसायीले एकतर्फीरुपमा मूल्य बढाएका थिए । दूधको उत्पादन लागत बढेको र किसानबाट खरिद गर्ने मूल्य नै महँगो परपछि मूल्य बढाउनुपरेको डेरी उद्योगीको भनाइ छ । दाना, चोकरको मूल्य बढेको, कर्मचारीको तलबदेखि बैंकको ब्याजसम्म बढेको र मूल्य बढाउन किसानले पटक-पटक दबाब दिए कारण मूल्य बढाउनुपरेको उनीहरुले बताउँदै आएका छन् ।

# पर्यटक तान्दै कालीगण्डकी जल यातायात

रासस
म्याग्दी, १९ पुस

पोखरा महानगरपालिका-३२ तल्लो गगनगौँडास्थित नविन टोल विकास संस्थामा आवद्ध ६० सदस्यीय टोली पुसको अघिल्लो साता स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ स्थित कालीगण्डकी 'ए' जलविद्युत् आयोजनास्थलको जलाशयमा पुगे ।

जलविद्युत् आयोजनाका निर्माणका क्रममा बनेको जलाशयमा जल यायातायात (स्टिमर) चढेर शिला शालिग्रामसम्म पुग्ने लक्ष्य राखेपनि उनीहरू त्यहाँ पानीको सतह घटाइएका कारण जल यातायातबाट लक्षित गन्तव्यमा भने पुग्न सकेनन् । उक्त टोलीसहित सो दिन अन्य ठाउँ ठाउँबाट आएका पर्यटक जल यायातायात चढेर शिला शालिग्राम पुग्न नसकेपनि केही समय छोटै दुरिमै भए पनि जल यातायातको राम्रैसँग अनुभव लिए । समय समयमा मर्मतका साथै वर्षातमा पानीको बहाब बढ्दा जल यायातायात नचल्ने भए पनि थाहा नहुँदा टाढाबाट आएका पर्यटक निराश बनेर फर्कने शालिग्राम कालीगण्डकी जल यातायात प्रालिका सुपरभाइजर कृष्ण क्षेत्रीले बताउनुभयो । स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मिर्मी आँधीमुहानदेखि पर्वतको विहादी गाउँपालिका-६ शालिग्राम सेतीवेणीसम्म रमणीय दृश्य अवलोकन गर्दै सात किलोमिटरको दूरीमा विगत १९ वर्षदेखि जल यातायात सेवा सञ्चालनमा आएको उहाँले जानकारी दिनुभयो ।

जल यायातायात सेवाले दक्षिण पर्वतको विहादी र पैँयू गाउँपालिकाका साथै स्याङ्जा, गुल्मी र बागलुङका बासिन्दा लाभान्वित हुनुका साथै यसले यहाँको पर्यटन प्रवर्द्धनमा विशिष्ट योगदान गरेको छ । "हाल तीनवटा स्टिमरबाट पर्यटकलाई सेवा दिइरहेका छौँ", उहाँले भन्नुभयो, "एउटामा ८० जनाको दरले एक पटकमा दुई सय ४० जनालाई जलविहार गर्ने व्यवस्था मिलाएका छौँ ।" जल यातायात सेवा सञ्चालनले चार घण्टाको यात्रा आधा घण्टामा सीमितभएको स्थानीय रमेश सुवेदीले बताउनुभयो ।

"स्टिमर सेवा सञ्चालनले कालीगण्डकी 'ए' जलविद्युत् आयोजना प्रभावित क्षेत्र स्याङ्जाको गल्याङ नगरपालिका, कालीगण्डकी गाउँपालिका, पर्वतको विहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाका स्थानीयवासी धेरै लाभान्वित बनेका छन्", उहाँले भन्नुभयो, "यसबाट यस क्षेत्रको पर्यटकीय विकासमा विशिष्ट योगदान पुगेको छ ।" सुवेदीका अनुसार जल यायातायातकै कारण आउने पर्यटकका कारण यहाँको आर्थिक गतिविधि चलायमान भएको छ । पछिल्ला समयमा बाँध आसपासका क्षेत्रमा होटेल तथा अन्य पूर्वाधार पनि विकास भएको बताउँदै उहाँले प्रत्येक दिन करिब पाँच सय जनासम्म बस्ने क्षमताका होटेल सञ्चालनमा आइसकेको जानकारी दिनुभयो । जल यातायातबाट पर्वतको सेतीवेणीस्थित विश्वकै ठूलो शालिग्राम शिलाको दर्शन गर्न जान सकिने भएकाले यो धार्मिक पर्यटनको गन्तव्य पनि बनेको छ । काठका ठूला तथा मझौला डुङ्गामा मालवाहक गाडीको इञ्जिन जडान गरेर बनाइएका स्टिमरमा चढ्दा पानी जहाजकै झल्को आउने तनहुँको बन्दीपुरबाट घुम्न पुगेका निकेश श्रेष्ठले अनुभव सुनाउनुभयो । "स्टिमर चढ्दा सानो पानी जहाजको झझल्को आउँदो रहेछ", उहाँले भन्नुभयो, "जलयातायातको अनुभवका लागि यो महत्वपूर्ण बनेपनि टाढाबाट आउनेका लागि सञ्चालनमा आए नआएको थाहा नहुँदा समस्या पर्ने रहेछ ।"जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट विसं २०६२ मा स्वीकृति लिएर सञ्चालनमा ल्याइएको स्टिमर सेवा २०७० सालमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई सञ्चालनमा आएको हो । विगतमा १२ वटासम्म साना तथा ठूला स्टिमर निरन्तर सञ्चालन आएपनि अहिले भने तीनवटा मात्र सञ्चालनमा छन् ।

सुपरभाइजर क्षेत्रीका अनुसार शिला शालिग्रामसम्मको दुईतर्फी यात्राका लागि ४०० रुपैयाँ निर्धारण गरिएको छ ।

मिर्मीदेखि सेतीबेनीसम्म एकतर्फी पुग्न ३० देखि ४५ मिनेट जलयात्राको समय लाग्ने उहाँले बताउनुभयो । कालीगण्डकी जलयातायात समग्र गण्डकी प्रदेशका लागि महत्वपूर्ण पर्यटकीय गतिविधि बन्ने भएकाले यसलाई थप व्यवस्थित गर्नुपर्ने देखिएको भ्रमणका क्रममा पुग्नुभएका नविन टोल विकास संस्था पोखरा-३२ का अध्यक्ष पुष्पराज शर्मा पौडेलले बताउनुभयो । "जल यातायातको राम्रो प्रवर्द्धन गर्न सकेमा यो महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्छ", उहाँले भन्नुभयो, "जलाशयसम्म पुग्नका लागि बाटो लगायतका पूर्वाधारलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।" सिद्धार्थ राजमार्गको गल्याङस्थित जिरो किलोमिटरबाट १७ किलोमिटर दूरीमा यातायातका साधनमार्फत् जलाशय पुग्न सकिन्छ ।

# पोखरा अन्तर्राष्ट्रिय म्याराथन फागुन पहिलो साता

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

सिटी म्याराथनको अवधारणाबाट सुरु भएको 'सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन'को १७औँ संस्करण आगामी फागुन ६ गते हुने छ ।

नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा हुन लागेका उक्त म्याराथनको तयारी सुरु भएको आयोजक संस्थाले जनाएको छ । पोखरा अन्तर्राष्ट्रिय म्याराथनअन्तर्गत आठ विधा एकै दिन हुनेछन् । मुख्य विधाअन्तर्गत खुला म्याराथन, हाफ म्याराथन (महिला, १० किलोमिटर दौड (महिला/पुरुष), विद्यालयस्तरिय पाँच किलोमिटर दौड (छात्र/छात्रा), महिला/पुरुष ह्विलचियर तथा दृष्टिविहीन दौड समावेश गरिएको मञ्चका अध्यक्ष हरि पराजुलीले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

एक दिन दौडिन पर्छ भन्ने सन्देश दिन 'रन फर फन' समेत समावेश गरिएको छ । यसपटक विजेताले रु पाँच लाख प्राप्त गर्नेछन् । यसैगरी द्वितीयलाई रु तीन लाख, तृतीयलाई रु दुई लाख र सान्त्वनास्वरुप चौथो हुने धावकलाई रु ३० हजार प्रदान गरिने मञ्चले जनाएको छ । म्याराथनतर्फ गण्डकी प्रदेशका खेलाडीलाई प्रोत्साहन गर्न विजेतालाई रु ५० हजार, उपविजेताले रु ३० हजार र तृतीय हुनेले रु २० हजार पुरस्कार प्रदान गरिनेछ । यसैगरी महिला हाफ म्याराथनका विजेताले रु एक लाख ५० हजार, द्वितीयले रु एक लाख र तेस्रो हुनेले रु ७५ हजार पुरस्कार प्राप्त गर्ने छन् । दस किलोमिटर सडक दौड महिला तथा पुरुषतर्फ प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु ३० हजार, रु २० हजार र रु १५ हजार पुरस्कार प्रदान गरिनेछ ।
पोखरा म्याराथनले अन्तर्राष्ट्रिय म्याराथन सञ्जाल 'एसोसिएसन अफ इन्टरनेशनल म्याराथन सोसाइटी'(एम्स)को मान्यता पाएको छ ।


**विमालेख हरायो**

गुरांस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्न लिखित ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

| नाम | बीमालेख न |
|---|---|
| मुना वानियाँ | ०६१००१६२८७ |

गुरांस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा, ०६१-५२४४५०


# क्रिकेट प्रतियोगिताका विषयमा छानबिन गर्न प्रहरीलाई गृहको निर्देशन

रासस
म्याग्दी, १९ पुस

गृह मन्त्रालयले जारी टि-२० लिग क्रिकेट प्रतियोगिताका बारेमा सामाजिक सञ्जाल तथा पत्रपत्रिकामा आएका समाचारका विषयमा सत्यतथ्य छानबिन गरी आवश्यक कारबाही गर्न प्रहरीलाई निर्देशन दिएको छ ।

मन्त्रालयले मंगलबार एक विज्ञप्ति जारी गरी उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको निर्देशानुसार म्याच फिक्सिङ भएको, आयोजक सम्पर्क बाहिर रहेको खेलाडीको पारिश्रमिकमा अनियमिता भएको जस्ता समाचार आइरहेकाले त्यसको आवश्यक छानबिन गर्न प्रहरीलाई भनेको हो । 'टि-२० लिग क्रिकेट प्रतियोगिताका बारेमा सामाजिक सञ्जाल तथा पत्रपत्रिकामा आयोजक सम्पर्क बाहिर गएको, खेलाडीको पारिश्रमिकमा अनियमितता भएको र स्पट फिक्सिङ भएको जस्ता समाचार निरन्तररुपमा आइरहेकाले सो विषयमा के-कसो भएको हो आवश्यक छानबिन गरी जो-जे गर्नुपर्ने हो, यथाशीघ्र गर्नु गराउनु हुन माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीज्यूको निर्देशानुसार अनुरोध छ', मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यही पुस ९ गतेदेखि त्रिवि मैदानमा उक्त प्रतियोगिता जारी छ । प्राप्त निर्देशनको आधारमा प्रहरीले अनुसन्धान सुरु गरिसकेको जनाइएको छ ।


**माईग्रेशन सर्टिफिकेट हराएको सूचना**

पोखराबाट लेखनाथ जाने क्रममा मेरो निम्न व्यहोरा भएको स्नातक तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

| | |
|---|---|
| नाम | : अमृत ढकाल |
| ठेगाना | : आँधीखोला गाउँपालिका–६, स्याङ्जा |
| रजिष्ट्रेशन नं. | : २०१२ –२–०३–१३७० |
| परीक्षा रोल नं. | : १३०३१९६६ |
| तह | : स्नातक |
| संकाय | : व्यवस्थापन |
| कार्यक्रम | : बि.बि.ए |
| क्याम्पस | : ला ग्राण्डी इन्टरनेशनल कलेज |
| सम्पर्क नं. | : ९८४६५८४७५१ |



**पोखरा महानगरपालिका वडा नं. २६ को कार्यालयबाट घर निर्माण कार्यको लागि साँध सँधियारहरुको लागि जारी भएको १५ दिने सूचना ।**

तपसिलमा उल्लेख भएको पोखरा महानगरपालिका वडा नं. ११ बस्ने खडकबहादुर गुरुङ, ऐ ऐ वडा नं. १२ बस्ने दीपेन्द्रकुमार गौतम र ऐ ऐ वडा नं. १० बस्ने प्रमोद मुल्मीको संयुक्त नाउँमा मालपोत कार्यालय भण्डाराढिकमा दर्ता कायम भएको पोखरा महानगरपालिका वडा नं. २६ शान्तिमार्ग स्थित कि.नं. २५१३ र २५१५ क्षेत्रफल ०-८-३ -० रोपनी (२५ हात मोहोडा) भएको घडेरी जग्गामा नेपाल खीष्टीय रामघाट मण्डलीको शाखा मण्डली भवन (खीष्टीयन समुदायको प्रार्थना गर्ने घर) निर्माण गर्ने प्रयोजनको लागि सो जग्गा जमिनमा नयाँ घर (प्रार्थना घर) बनाउँदा साँध सँधियारलाई सन्धि सर्पन पिर मर्का पर्छ पर्दैन भनी सर्जमिन मुचुल्काको लागि यस वडा कार्यालयको कर्मचारी सो ठाउँमा खटी जाँदा कोहि सँधियार भेट नभएको, कोही साधियार तथा छरछिमेकीले सर्जमिन ठिक छ भनी सही छाप गरि दिएको, कोहीले हामीलाई सरोकार छैन भनी सरोकार नराखेको हुँदा, पूर्व बाटो, कि.नं. २५३३, पश्चिम भिर कि.नं. २१६७, उत्तर कि.नं. २५१२ र २५१४ र दक्षिण कि.नं.९७६ यति चार किल्ला भित्रको कि.नं. २५१३, २५१५ को क्षेत्रफल ०-८-३ -० रोपनी (२५ हात मोहडा) मा लम्बाई ४२ फिट, चौडाई ३३ फिट ६ ईन्च र उचाई १० फिट पक्की ढलान घर बनाउँदा सरोकारवाला साँध सँधियारलाई कुनै पिर मर्का पर्छ भने यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ दिनभित्र यस पोखरा महानगरपालिकाको कार्यालयमा उजुर बाजुर गर्नु हुन भनि यो सूचना प्रकाशित गरेका छौं । सो समयभित्र कसैको उजुर बाजुर नभएमा ऐन नियम अनुसार भई जाने व्यहोरा पनि यसै सूचनाबाट सरोकारवालाहरुलाई जानकारी गराउँदछौं ।

# अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै पोखराका पर्यटन व्यवसायी उत्साहित

–जमुना वर्षा शर्मा

पोखरा, १९ पुस (रासस)

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अङ्ग्रेजी नयाँ वर्ष २०२३ को पहिलो दिन अर्थात पुस १७ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेसँगै पोखरेलीहरुले साढे चार दशकपछिको सपना पूरा भएको छ। विमानस्थल सञ्चालनमा आएसँगै पोखराका पर्यटन व्यवसायी पनि निकै उत्साहित भएका छन्।

नेपाल पर्यटन बोर्डका पूर्व कार्यकारी सदस्य एवं अग्रज पर्यटन व्यवसायी वासु त्रिपाठीले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सारा पोखरेलीको साझा सपना पूरा हुँदा निकै खुसी लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "विसं २०३२ मा तत्कालीन अञ्चलाधीश डा शङ्करराज पाठकले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको परिकल्पना गर्नुभएको थियो।

"उहाँको ऊर्जाशील क्षमताले तत्कालीन समयमा जग्गा अधिग्रहण सम्भव भयो, निरन्तरका प्रयासपछि आज पोखरेलीको सपना पूरा भयो", उहाँले भन्नुभयो। विमानस्थल सञ्चालनमा आएसँगै पोखरामा विशेष गरी भारतीय धार्मिक पर्यटकको आगमन बढाउन सहयोगी हुने उहाँको विश्वास छ। साथै गण्डकी प्रदेश र समग्र नेपालको पर्यटनका साथै आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने उहाँको भनाइ छ। अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पोखराबासीको विकासप्रतिको एकीकृत धारणाले मात्र सम्भव भएको उहाँको बुझाइ छ। पोखरा क्षेत्रीय विमानस्थल निर्माण सरोकार समितिले २०६८ चैत ११ मा विज्ञप्ति जारी गरी सङ्घर्षको आन्दोलन सुरु गरेको थियो। आन्दोलनमा एक सय ५१ श्रृखङ्लासम्म दुई हजार चार सय दुई जनाले रिले अनसन बसेका थिए। सो समयमा आफूलगायतका केही व्यक्तिले आमरण अनशन बस्न तयार भएको भन्दै नामसमेत लेखाएको त्रिपाठीले स्मरण गर्नुभयो। तत्कालीन समयमा पाँच सय वटा कारले काठमाडौँसम्म दबाबमूलक यात्रा गरेर नेपाल नागरिक उड्डयन प्राधिकरण घेरा हालेको अनुभव पनि उहाँसँग छ। आधुनिक पोखरासँगै यसको निर्माणमा पूर्वपर्यटन मन्त्री स्व रवीन्द्र अधिकारीको योगदान बिर्सन नहुने त्रिपाठीको भनाइ छ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ राष्ट्रिय गौरबको आयोजना यति छिटो पूरा भएर उद्घाटन हुनु आफैमा गर्वको विषय भएको जनाउँदै अब पोखराको पर्यटनले गति लिनेमा आफू विश्वस्त भएको बताउनुभयो। "पोखरामा विमानस्थल निर्माणलाई तत्काल नै नाफा/घाटा हेरेर हुँदैन, यसले यहाँको आर्थिक विकासमा दीर्घकालीनरुपमा कसरी लाभ हासिल गर्न सकिन्छ भन्ने विषयमा अबको बहस केन्द्रित गर्नुपर्छ", श्रेष्ठले भन्नुभयो। उहाँले अन्तर्राष्ट्रियतर्फ बुध्द एयरले पोखराबाट भारतका विभिन्न तीन गन्तव्यमा उडानका लागि पहल गरेको र अन्य एयरलाइन्सले पनि पोखराबाट उडानका लागि चासो देखाएको भन्दै सरकारले विशेष ध्यान दिन आवश्यक रहेको बताउनुभयो।

रेष्टुराँ एण्ड बार एशोसियशन (रेवान) पोखराका अध्यक्ष नरेश भट्टराईले विमानस्थलको औपचारिक सञ्चालनले नयाँ वर्षको आगमनसँगै पोखरेलीमा थप खुसी सञ्चार गराएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो सानो प्रयास र सङ्घर्षले बनेको छैन, यहाँ दिनरात नभनी पोखरेलीको अनवरत रिले अनशन र विकासप्रतिको साझा सङ्कल्पले सफल भएको हो।"

उहाँले विमानस्थल सञ्चालनमा आउन सक्ने चुनौतीलाई सुरुदेखि व्यवस्थित गर्दै लानसके यो सफल विमानस्थलको रुपमा स्थापित हुने विश्वास व्यक्त गर्नुभयो। सरकारले दिगोपर्यटन विकासका लागि निजी क्षेत्रको सहभागितामा थप रणनीतिक कार्ययोजना बनाएर पर्यटकीय गतिविधि बढाउन तर्फ ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेण्टस (नाट्टा) गण्डकीका अध्यक्ष हरिराम अधिकारीले विमानस्थल सञ्चालनसँगै पोखराको पर्यटन क्षेत्र लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो। "अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भयो, हवाईमार्गले अब पोखरालाई विश्वसँग जोड्ने छ। दिगो पर्यटनका लागि योसँगै अझै थप पूर्वाधार जरुरी छ", अधिकारीले भन्नुभयो। पोखरा पर्यटकका लागि उत्कृष्ट गन्तव्य भएकाले अब सिधैं विदेशी पर्यटक पोखरा आएर हिमशृङ्खलाको दृश्यवलोकनसँगै तालतलैया र स्वच्छ वातावरणमा रमाउन पाउने र आकर्षक गन्तव्यको रुपमा थप विकास हुने विश्वास व्यक्त गर्नुभयो। "नेपाल भन्ने वित्तिकै विदेशीले पहिले पोखरा सम्झने गर्थे अब सिधैं हवाईमार्गबाट पोखरा घुम्न आउने बाटो खुलेको छ, हामी आशावादी छौं पोखराको पर्यटनले पक्कै उचाइ चुम्ने छ", अधिकारीले भन्नुभयो।

लेखनाथ होटल तथा रेष्टुरेन्ट एशोसियशनका पूर्व अध्यक्ष दामोदारभक्त थापाले अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै लेखनाथको पर्यटन प्रवर्द्धन र विकास हुनेमा आशावादी भएको बताउनुभयो। उहाँले भन्नुभयो, "नयाँ विमानस्थलसँग लेखनाथको बेगनासम्मको दुरी जम्मा १० किलोमिटर छ, यसले सातताल्को सुन्दरता बोकेको लेखनाथमा पर्यटकीय गतिविधि पक्कै बढाउने छ।" उहाँले पोखराको लेकसाइड र लेखनाथको बेगनास समदुरीमा रहेको र सरकारले समभाव राखेर पूर्वाधार विकास गर्नुपर्ने जोड दिनुभयो। ग्रेटर पोखराको अवधारणा अनुरुप कहाँ लगानी गर्दा पर्यटनमा दिगो विकास हुन्छ त्यसतर्फ ध्यान दिन उहाँको आग्रह छ। "अहिले लेखनाथको माझिकुना आन्तरिक तथा बाह्य पर्यटकका लागि आर्कषक गन्तव्य बन्दै गएको छ तर त्यहाँसम्म जाने सडक पूर्वाधार बन्न सकेको छैन", उहाँले भन्नुभयो, "यसले एकपटक गएको पर्यटक अर्कोचोटी जान गाह्रो मान्न सक्छन् त्यसैले सडक पूर्वाधारलाई प्राथमिकता दिन जरुरी छ।" उहाँले लेखनाथबाट विमानसथल जान ट्राफिक जाम नहुने र सहज हुने भएकाले पनि अब पर्यटकको रोजाइँमा लेखनाथ पर्ने उहाँको विश्वास छ। धार्मिक, सांस्कृतिक, प्राकृतिक, साहित्यिक एवं ऐतिहासिक रुपले रहेकाले पनि अबका दिनमा लेखनाथ उत्कृष्ट पर्यटकीय गन्तव्य बन्दै जाने बताउनुभयो। राष्ट्रिय गौरवको आयोजना अन्तर्राष्ट्रिय विमानस्थलाई प्रभावकारी सञ्चालन गरेर देशकै गर्व गर्न लायक विमानस्थलको रुपमा विकास गर्नुपर्ने र सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने उहाँको भनाइ छ। चीनको एक्जिम बैंकको ७५ प्रतिशत ऋण र २५ प्रतिशत अनुदानमा करिब रु २२ अर्बको लागतमा विमानस्थल निर्माण भएको हो। विमानस्थल करिब तीन हजार सात सय रोपनी क्षेत्रफलमा निर्माण भएको छ।

# संरक्षणको पर्खाइमा 'समपोखरा' ताल

रासस

बागलुङ, १९ पुस

गलकोट नगरपालिका-३ मा रहेका पानीका मुहानको प्रमुख स्रोत बनेको समपोखरा ताल संरक्षण हुन नसक्दा यसको क्षेत्रफल पनि साघुँरिदै जान थालेको छ।

तालमाथिको खेतीयोग्य जमिन र जङ्गल क्षेत्रबाट बर्सेनि आउने बाढीले ताल पुरिँदै गएको छ। गलकोट नगरपालिकाको हटियाको खानेपानी, कृषि तथा आर्थिक पक्षसँग जोडिएको ताल ५० मिटर लामो र १५ मिटर चौडा छ। समुन्द्र सतहबाट दुई हजार मिटरको उचाइमा रहेको ताल संरक्षण गर्नुपर्नेमा स्थानीयवासी जयबहादुर दर्जी जोड दिनुहुन्छ। "चौपायले पानी खाने ताल हो, पहिले निकै गहिरो थियो, अहिले माटो भरिएको छ", उहाँ भन्नुहुन्छ, "ताल नजोगाए पानीका मुहान सुकेर जान्छन्।" जैविक महत्व बोकेको यो तालमा विभिन्न प्रजातिका जलचरको बसोबास छ। तालभन्दा केही तल रहेको पानीको मुहानबाट ओखेनी खोला बग्ने गरेको छ। उक्त खोलाको पानी नै हटिया बजार र आसपासका गाउँलेले प्रयोग गर्दै आएका छन्। "केही वर्षअघि ताल सफा गर्दा तलको मुहान सुक्यो पनि पछि पानी भरिएपछि फेरि खोला बगेको थियो", दर्जी भन्नुहुन्छ, "यो ताल मास्न हुँदैन, जोगाएर राखे सबैलाई बचाउँछ।" समपोखरा वरपरको जङ्गलमा रहेका चराचुरुङ्गीले प्यास मेट्ने प्रमुख थलो यही ताल भएको त्यहाँका अध्यक्ष फमबहादुर खत्री बताउनुहुन्छ।

"आजसम्म संरक्षणमा कसैले पनि चासो दिएको पाइएन, अब हामी संरक्षण र प्रचार-प्रसार गर्छौं। तालको प्राकृतिक अवस्था नबिग्रिने गरी क्षेत्रफल विस्तार र संरक्षणका लागि संरचना तयार गर्ने योजना छ", उहाँ भन्नुहुन्छ। "हिजोआज कृत्रिम ताल हेर्न पर्यटक खचाखच हुन्छन्, हामीसँग प्रकृतिको उपहार छ", वडाध्यक्ष खत्री जोड दिनुहुन्छ, "घुम्न र हेर्न मिल्ने बनाउँछौं, प्रकृतिले दिएको पानी मासिन दिँदैनौं। हटिया बजारबाट एक घण्टा पैदल र आधा घण्टा सवारीयात्रामा ताल पुग्न सकिन्छ।

यो प्राकृतिक ताल हो।" "यहाँको पानी न कहिल्यै घटेको देखिन्छ न भरिएर बाहिर जान्छ", स्थानीय सन्तबहादुर खत्री भन्नुहुन्छ, "तालभित्रैबाट पानी आउँछ, त्यहीँ हराउँछ, बाहिर पानीको स्रोत छैन। यहाँ देशमा जनयुद्ध हुनुपूर्व चैतेदशैंमा ठूलो मेला लाग्ने गरेको थियो। द्वन्द्वको समयमा रोकिएको मेला अहिलेसम्म सुरु गर्न सकिएको छैन।" तालको उत्तरपट्टि भट्ट बबाको मन्दिर छ। आसपासका गाउँका युवायुवतीका लागि वनभोजस्थल मात्र बन्ने गरेको यस ताललाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सके पर्यटक भित्र्याउन सकिने वडाध्यक्ष खत्री बताउनुहुन्छ।


प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, स्याङ्जा**

गण्डकी प्रदेश

**कार्यक्रम संचालनको लागि आवेदन/ प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशन भएको मिति २०७९/०९/२०**

यस कार्यलयको आ.व. २०७९/०८० को वार्षिक स्विकृत कार्यक्रम अनुसार बजेट उप-शिर्षक ३१२०१०१६३ तर्फको तपसिलको कार्यक्रम संचालन गर्न इच्छुक स्याङ्गजा जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्बन्धित समुह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग/लागत साझेदारी | ईकाइ | परिमाण | जम्मा वजेट रु. (लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना | स्वीकृत बजेटको परिधिभित्र रही क्रियाकलाप अनुसार ५०% देखि अधिकतम ९०% सम्म अनुदान | पटक | १ | ४८ | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्धन आयोजना कार्यन्वयन मापदण्ड, २०७९ अनुसार | कम्तिमा २० रोपनी क्षेत्रफ़लमा विउ उत्पादन गरेको हुनुपर्ने र कम्तिमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा संचालन हुने। |
| २ | माहुरी घार वितरण/ कृषक क्षमता अभिबृदी कार्यक्रम | ५०% सम्म अनुदान | संख्या | १ | १० | बजेट तथा कार्यक्रम कार्यान्यन सम्बन्धी एकीकृत कार्यविधि | |
| ३ | नयाँ बगैंचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रम | स्वीकृत बजेटको परिधिभित्र रही क्रियाकलाप अनुसार ५०% देखि अधिकतम ७५% सम्म अनुदान | हेक्टर | १ | १० | व्यवसायीक फलफूल खेति गर्न ईच्छुक कृषकहरुलाई अनुदानमा फलफूल बिरुवा र आवश्यक कृषि सामग्री वितरण कार्यक्रम संचालन मापदण्ड, २०७७ | कम्तिमा ३ रोपनी क्षेत्रफ़लमा फलफूल खेती गर्नुपर्नेछ |

**आवश्यक कागजातहरूः**

✦निर्दिष्ट ढाचांमा प्रस्ताव र रु १० को टिकट सहितको निवेदन।

✦नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।

✦प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार /लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपि।

✦कृषि फर्म/ कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो आ.व. को करचुक्ताको प्रतिलिपि।

✦कृषक समूह/ कृषि सहकारीको हकमा (नवीकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, वार्षिक लेखा परिक्षण प्रतिवेदन र सस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।

✦अघिल्लो दुइ आ. व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोसणा पत्र।

✦सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयको वेवसाइट www.syangja.akc.gov.np वाट प्राप्त गर्न सकिन्छ।

पुनश्चः माथि उल्लिखत मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रक्रिया अगाडि बढाउन कार्यालय बाध्य हुने छैन र साथै विगतका दुई आ.व. मा उस्तै प्रकृतिका कार्यलाई यस कार्यालयबाट अनुदान प्राप्त नगरेका प्रस्तावलाई प्राथमिकतामा राखिने छ।

इमेल : akcsyangja@gmail.com

थप जानकारीका लागि सम्पर्क नं. : ०६३-४२०१३०, ९८५६०५४०८५


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः
१९९४ भाद्र १० गते

स्वर्गारोहणः
२०७९ पौष १४ गते

**स्व. जगत प्रसाद ध्वजू**

रामबजारको स्थापना २०१७ सालदेखि आफ्नो कर्मथलो बनाई रामबजार पोखरा १० मा बसोबास गर्नु भएका यस रामबजार टोल विकास संस्थाका पूर्व निबर्तमान कार्यबाहक अध्यक्ष सुरेश कुमार ध्वजू र सदस्य पुन्जा ध्वजूका पुजनिय बुबा श्रीमती चमेली ध्वजू र बिमलादेवी ध्वजूका श्रीमान समाजसेवी अति मिलनसार मृदुभाषी **जगत प्रसाद ध्वजू**को ८६ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी रामबजारबासी अति मर्माहत भएका छौं। यस दु:खद घडीको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक श्रद्धाञ्जलीका साथ समवेदना प्रकट गर्दछौं।

**सम्मर बहादुर श्रेष्ठ**
**अध्यक्ष तथा**
**रामबजार टोल बिकास सस्था**
**रामबजार १०/१५ पोखरा परिवार**